फिक्कल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय,
खाङसाङ, सिन्धुली

वैठक संख्याः- आ.व. ०८२/०८३- ०५
मितिः-२०८२/०८/२१ गते आइतवार

फिक्कल गाउँपालिका अध्यक्ष श्री पार्वती सुनुवारज्यूको अध्यक्षता र तपसिल बमोजिमको उपस्थितिमा तपसिल वमोजिमको प्रस्ताव उपर छलफल गरी निर्णय गरियो ।

उपस्थिति·

क्र.सं.	पद	नाम	हस्तक्षर
१.	अध्यक्ष	पार्वती सुनुवार	
२.	उपाध्यक्ष	राजु बराल	
३.	१ नं. वडा अध्यक्ष	होम बहादुर सुनुवार	
४.	२ नं. वडा अध्यक्ष	शंकर बहादुर भण्डारी	
५.	३ नं वडा अध्यक्ष	टेक बहादुर रजन मगर	
६.	४ नं. वडा अध्यक्ष	मोहन मगर	
७.	५ नं. वडा अध्यक्ष	बैकुण्ठलाल पहाडी	
८.	६ नं. वडा अध्यक्ष	कुलेन्द्र बहादुर मगर	
९.	कार्यपालिका सदस्य	लिल बहादुर सुनुवार	
१०	कार्यपालिका सदस्य	पूर्णमाया थापा मगर	
११.	कार्यपालिका सदस्य	टिकामाया विश्वकर्मा	
१२.	कार्यपालिका सदस्य	तारा विश्वकर्मा	
१३.	कार्यपालिका सदस्य	सावित्रा कुमारी थापा मगर	
१४.	कार्यपालिका सदस्य	मंगलादेवी तामाङ	
१५.	प्रमुख प्रशासकीय अधिकृत	डम्बरबहादुर रजनमगर	

Scanned with CamScanner

प्रस्तावहरुः

(१) गत बैठकमा भएका निर्णय कार्यान्वयनको समिक्षा सम्बन्धमा
(२) झगरे लिफ्ट सिँचाई आयोजनाको ठेक्का सम्झौता रद्द गर्ने सम्बन्धमा
(३) रैथाने बाली प्रवर्द्धन कार्यक्रम संचालन सम्बन्धमा
(४) सडक अवरोध हटाउने र सडक सरसफाईको भुक्तानी सम्बन्धमा
(५) बजेटको नाम संशोधन सम्बन्धमा
(६) डाँडागाउँ खेलमैदान निर्माण फिक्कल ५ आयोजनाको रकम भुक्तानी सम्बन्धमाः
(७) सुनकोशी नवलपुर दारिमबोट लिफ्ट खानेपानी योजना मर्मतको भुक्तानी सम्बन्धमाः
(८) आर्थिक सहायता सम्बन्धमाः
(९) वडा अध्यक्ष कप संचालनको खर्च भुक्तानी सम्बन्धमाः
(१०)चिउरीखानी बरमथुम्की लिफ्ट खानेपानी योजना मर्मतको भुक्तानी सम्बन्धमाः
(११)अतिथि सत्कार बापतको भुक्तानी सम्बन्धमाः

निर्णय नं. १. गत वैठकमा भएको निर्णयको कार्यान्वयनको समिक्षा सम्बन्धमा

Scanned with CamScanner

Scanned with CamScanner

गत बैठकमा भएका निर्णय कार्यान्वयन लगायत कार्यालयबाट भएका पहिलो चौमासिक अवधिमा विकास निर्माण कार्य तथा सेवा प्रवाह विषयमा समिक्षा गरियो । आगमी हिनमा थप प्रभावकारी रुपले सेवा प्रवाह गर्न सबै वडा तथा शाखाहरुलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. २. झगरे लिफ्ट सिँचाई आयोजनाको ठेक्का सम्झौता रद्द गर्ने सम्बन्धमाः

आ.व. ०८१/०८२ को स्वीकृत कार्यक्रम बागमती प्रदेश सरकार समपुरक अनुदान तर्फको "झंगरे लिफ्ट सिँचाई तथा नदि नियन्त्रण" कार्यक्रम अन्तर्गत रु. २ करोड विनियोजन भएकोमा बोलपत्र मार्फत मिति २०८१/८/२४ गते रु. १ करोड २८ लाख १२ हजार २ सय ७६ दशमलव ५२(भ्याट सहित) श्री हिमानी काव्य कन्स्ट्रक्सन सेवा प्रा.लि, कमलामाई सिन्धुलीसँग मिति २०८२/३/१६ सम्म सम्पन्न गर्ने गरी सम्झौता गरी कार्यदिश दिएको। सम्झौता अवधि भित्र कार्य गरेको परिमाणको आधारमा प्राविधिक नाप जाँच अनुसार रु. ६९४९९४६.८१।-(भ्याट सहित) भुक्तानी गरिएको, समयमै कार्य सम्पन्न नगरेको र म्याद थपको निवेदन प्राप्त नभएको, कार्यालयबाट मिति २०८२/५/९ गतेको पत्र मार्फत् समयमै कार्य सम्पन्न नगरी निर्माण स्थल छाड्नुको कारण सहित स्पष्टिकरण सोधिएकोमा स्पष्टिकरण पेश नभएको साथै सम्पर्कमा नआएको हुँदा सम्झौताको GCC ७२.१ र सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ को उपदफा (२) (क) बमोजिम खरिद सम्झौता अन्त्य गरी सार्वजनिक खरिद नियमावली २०६४ को नियम १४१ को उपनियम (१) बमोजिम कालो सूचीमा राख्नको लागि सार्वजनिक खरिद अनुगमन कार्यालयलाई सिफारिस गर्ने निर्णय गरियो ।

निर्णय नं. ३ रैथाने बाली प्रवर्द्धन कार्यक्रम संचालन सम्बन्धमाः

चालु आ. व. ०८२/०८३ को नेपाल सरकार सशर्त अनुदान तर्फको रैथाने वाली प्रवर्द्धन कार्यक्रम कार्यान्वयन कार्यविधि २०८२ अनुसार तपसिल बमोजिम क्रियाकलाप संचालन गरी कार्यान्वयन गर्ने

क्र.सं.	क्रियाकलाप	बजेट
१	रैथाने बाली परिकार विविधिकरण तालिम तथा प्रदर्शनी	१०००००

Scanned with CamScanner

	• बीउ किट वितरणः रैथाने बालीको उन्नत एवं सूचिकृत रैथाने जात र स्थानीय स्तरमा लोकप्रिय जात(दलहन, तेलहन, जरेबाली, तरकारी आदि) प्रति किट बढिमा रु. २००।- का दरले निःशुल्क वितरण गर्ने,	२०००००
३	माटो स्वास्थ्य सुधार/प्रविधि प्रसार एवम् प्राविधिक सेवा टेवा	
	• कोशेवालीको उन्नत बीउ वितरण कार्यक्रम अन्तर्गत माटोको उर्वराशक्ति कृषि सुधारका लागि पाखो वारीमा कोशेवालीको उन्नत बीउ प्रति परिवार १ के जीको किट शत प्रतिशत अनुदानमा वितरण गर्नेः राजमा, गहत, भटमास, बोडी, मस्याम, मास आदि	२५०००००
४	• खाद्य परिकार मेला आयोजनाः	१०००००

निर्णय नं. ४. सडक अवरोध हटाउने र सरसफाई खर्च भुक्तानी सम्बन्धमाः

फिक्कल गाउँपालिका वडा नं. ६ नागथान, देउकीडाँडा र वडा नं. १ स्थित भालुभञ्याङ गोठडाँडा सडक खण्डको विभिन्न ठाउँमा मिति २०८२ साल असोज १५ देखि १७ आएको वर्षातको कारण पहिरो गई सडक अवरोध भएकोले ब्याकहो लोडर प्रयोग गरी पहिरो पन्छाउन नसकिने भएको हुँदा एक्साभेटर प्रयोग गर्नुपर्ने भएकोले श्री यु.के.वि. कन्स्ट्रक्सन प्रा.लि. खुर्कोटको मेसिन प्रयोग गरी सडक मर्मत तथा सरसफाई गरिएको हुँदा जिल्ला दररेट आधार मानी उक्त ठाउँमा काम गरेको ८२ घण्टा बराबर काम गरेको प्राविधिक बिल, वडाको सिफारिस, अनुगमन प्रतिवेदन लगायतका कागजातको आधारमा विपद/प्रकोप व्यवस्थापन कोषबाट भुक्तानी गर्ने निर्णय गरियो ।

Scanned with CamScanner

निर्णय नं. ५. बजेटको नाम संशोधन सम्बन्धमाः

साविक बजेट शीर्षक	रकम	संशोधन गर्नुपर्ने बजेट शीर्षक	रकम
ठाँटी ठुटेकरम सडक निर्माण	५लाख	माथिल्लो बारविसे घैयाबारी सडक निर्माण	५ लाख

निर्णय नं. ६. डाँडागाउँ खेलमैदान निर्माण फिक्कल ५ आयोजनाको रकम भुक्तानी सम्बन्धमाः

चालु आ.व. ०८२/०८३ को स्वीकृत कार्यक्रम डाँडागाउँ खेलमैदान फिक्कल ५ अन्तर्गत रु. ५ लाख बजेट विनियोजन भएको, पूर्ण रुपमा खेल मैदान निर्माण गरी अध्यक्ष कपको दोस्रो संस्करण सोही खेलमैदानमा सम्पन्न गर्न पूर्ण रुपमा खेलमैदान निर्माण गर्दा प्राविधिक बिल अनुसार अपुग रु. १८ लाख २० हजार रकम भुक्तानी गर्ने निर्णय गरियो ।

निर्णय नं. ७. सुनकोशी नवलपुर दारिमबोट लिफ्ट खानेपानी योजना मर्मतको भुक्तानी सम्बन्धमाः

मिति २०८२ सालको वर्षातको समयमा आएको सुनकोशी नदिको बाढीले सुनकोशी नवलपुर दारिमबाट लिफ्ट खानेपानी आयोजनाको इनार पुरिएको साथै थप ८ ओटा रिङ थप गर्नुपर्ने भएकोले रिङ खरिद, इनार सफाई गर्ने ज्याला, ढुवानी लगायत वापतको जम्मा लागत रु. ९०००।- विपत/प्रकोप कोषबाट भुक्तानी गर्ने निर्णय गरियो ।

निर्णय नं. ८. आर्थिक सहायता सम्बन्धमाः

तपसिल बमोजिम आर्थिक सहायता गर्ने निर्णय गरियो ।

क्र.सं.	पीडित/बिरामीकोनाम	कारण	रकम	कैफियत
१	मन्दिरा भण्डारी, फिक्कल २	मृत्यु (बाबा	६००००	इन्द्र-मा०अ.ले)
२	लिल बहादुर सुनुवार, फिक्कल १	कुम भाँचिएको	७००००	पदाधिकारी सुविधाबाट
३	कविता श्रेष्ठ फिक्कल ४	करेन्ट लागेको	२००००	लोकेन्द्र राज श्रेष्ठ श्रीमान
४	भिजन पहाडी फिक्कल ४	अध्ययनको लागि	४४७००	
५	जनभावना युवा क्लव फिक्कल ३	खेलकुद आयोजनामा	२५०००	

Scanned with CamScanner

६	देउराली युवा क्लव फिक्कल २		१००००	
७	जित बहादुर वि.क. फिक्कल २	शारीरिक घाईते	१००००	
८	शान्तिमान आछामी फिक्कल २	पेट सम्बन्धी	१००००	
९	भक्त बहादुर राना फिक्कल ३	ढाड भाँचिएको	३००००	

निर्णय नं. ९. वडा अध्यक्ष कप संचालनको खर्च भुक्तानी सम्बन्धमाः

मिति २०८२/६/३ गते देखि ६ गतेसम्म ६ नं. वडा अध्यक्ष कप फिक्कल गाउँपालिका ६ नं. वडा अन्तर्गत सोखुखोलामा संचालित खेल प्रतियोगितामा वडागत विनियोजित बजेटवाट अपुग खर्च भएको रकम रु. ११२८९०।- बराबरको रकम अन्य चालु खर्च शीर्षकवाट भुक्तानी गर्ने निर्णय गरियो।

निर्णय नं. १०. चिउरीखानी बरमथुम्की लिफ्ट खानेपानी योजना संचालनको भुक्तानी सम्बन्धमाः

फिक्कल २ स्थित चिउरीखानी बरमथुम्की लिफ्ट खानेपानी योजना संचालनका लागि विद्युत जडानको आवश्यक विद्युतीय सामाग्री खरिद वापतको खर्च रु. १२०००। रकम भुक्तानी गर्ने निर्णय गरियो ।

निर्णय नं. ११. अतिथि सत्कार बापतको भुक्तानी सम्बन्धमाः

विभिन्न विभिन्न सेलकुद लगायत कार्यक्रममा अतिथि सत्कार बापतको तपसिल बमोजिम रकम भुक्तानी गर्ने निर्णय गरियो ।

फिक्कल सामुदायिक होम स्टे फिक्कल ३- ८०२००।-

निर्णय नं. १२. जनशक्ति व्यवस्थापन सम्बन्धमाः

तपसिल बमोजिम जनशक्ति व्यवस्थापन सम्बन्धमाः

क्र.सं.	नाम	सेवा सुविधा	कार्य स्थल, कार्यविवरण
१	प्रेम बहादुर थापा मगर, फिक्कल ३	१५०००	पर्यटकीय स्थल भ्यु टावर क्षेत्र रेखदेख हेरचाह, पालो पहरा
२	संगिता राई, फिक्कल ६	१७०००	बालमैत्री सहजकर्ता फिक्कल ६ नं वडा